का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ साउन २०८०,
बिहीबार
27 July 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**देउवाले चलाएको कांग्रेस**

## सुनेर बस्ने धन्यवाद दिएर टुंग्याउने

■ हरेक दुई महिनामा बैठक बस्ने ■ मंसिरमा महासमिति बैठक



आफूलाई संसदीय दलको नेताबाट हटाउनेसहितको माग उठेको केन्द्रीय समिति बैठकलाई नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सजिलै टुंग्याएका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १० साउन ।

प्रमुख सत्तारुढ दल नेपाली कांग्रेसले आगामी ११-१३ मंसिरमा महासमिति बैठक राख्ने भएको छ । २ साउनदेखि एक हप्ता केन्द्रीय मूख्यालय सानेपामा बसेको केन्द्रीय कार्य समिति बैठकले महासमिति बैठकको मिति टुंगो लगाएको हो ।

बुधबार सम्पन्न केन्द्रीय कार्य समिति बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले महासमिति बैठकको प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्ताव केन्द्रीय समितिले अनुमोदन गरेसँगै बैठक सकिएको छ । बैठकको निर्णय लेख्ने जिम्मा महामन्त्रीहरु गगन थापा र विश्वप्रकाश शर्मा, नेताहरु प्रकाशशरण महत, रमेश लेखक र मीनबहादुर विश्वकर्माले पाएका थिए ।

केन्द्रीय समिति बैठक अगाडि बसेको यी नेताहरुको बैठकले पार्टीको निर्णय लेखेका थिए । उनीहरुले महामन्त्रीद्वयले बैठकको पहिलो दिन ल्याएको संगठनात्मक प्रस्ताव अनुमोदन गर्ने निर्णय गऱ्यो । त्यसअनुसार अब आगामी १५ भदौभित्र विभाग गठन, अधिवेशन नभएको भातृ संस्थाहरुको तदर्थ समिति बनिसक्नेछ ।

त्यसबाहेक महामन्त्री थापाले ल्याएको एक वर्षे कार्ययोजना पनि अनुमोदन भएको छ । जसअनुसार, अब कांग्रेसको वर्षभर नै गतिविधि हुनेछ । हरेक महिनालाई कांग्रेसले आफ्ना पुराना नेताको सम्झनामा विषयगत गतिविधि गर्नेछ । बैठकको अन्त्यमा सभापति देउवाले महामन्त्रीहरुले प्रस्ताव गरेकै जस्तो हरेक दुई महिनामा बैठक बस्ने निर्णय समेत सुनाए ।

महामन्त्रीहरुले केन्द्रीय समिति बैठक बस्ने महिना तोकेका थिए । देउवाले महिना मात्रै नभएर दिन समेत तोके । २ साउनदेखि केन्द्रीय समिति बैठक बसेकाले अबको दुई महिना अर्थात् २ असोजमा अर्को बैठक बोलाएका छन् । पार्टीको विधानमा पनि हरेक दुई महिनामा केन्द्रीय समिति बैठक बस्नुपर्ने व्यवस्था छ ।

तर एक वर्षपछि मात्रै देउवाले केन्द्रीय समिति बैठक बोलाएका थिए । महाधिवेशन भएको डेढ वर्षसम्म पदाधिकारी, केन्द्रीय कार्य सम्पादन समिति, केन्द्रीय समिति, विभाग समेत अपूर्ण थियो । भातृ संस्थाहरुको अधिवेशन नियमित थिएन । तर त्यसलाई सच्याउनेगरी महामन्त्रीहरुले ल्याएको प्रस्ताव केन्द्रीय समिति बैठकले अनुमोदन गरेको छ ।

बैठकमा केन्द्रीय सदस्यहरुलाई आफ्नो कुरा राख्ने समय दिइएको थियो । सभापति देउवा आफैले बैठकभर हातमा माइक समातेर केन्द्रीय सदस्यहरुलाई निर्धारित समय दिएर बोल्न दिए । केन्द्रीय सदस्यहरुले आफ्नो कुरा राख्ने क्रममा अधिकांशले सभापति देउवाको बचाऊ गरे भने दुई महामन्त्री सहित संस्थापन इतर नेताहरुको आलोचना गरेका थिए ।

तर उद्घाटन मन्तव्य समेत नदिएका सभापति देउवाले समापण मन्तव्य समेत धेरै दिएनन् । बुधबार बैठकको निर्णय महामन्त्री शर्माले प्रस्तुत गरेपछि समेत फेरि केन्द्रीय सदस्यहरुलाई बोल्न दिएका सभापति देउवाले दुई मिनेट जति आफ्नो कुरा >>> पृष्ठ २ मा




गृहमन्त्री अब कुर्सीमा बस्न कुनै पनि हिसाबले लायक हुनुहुन्न । अब कुन नैतिक धरातलमा त्यो पदमा बस्न सुहाउँछ ?

■ **पदम गिरी**
एमाले प्रमुख सचेतक


## सरकारी अनुसन्धानमा एमालेको आशंका

राजस्व अनुसन्धान र नेपाल प्रहरीले गरिरहेको अनुसन्धानमा आशंका गर्दै प्रमुख प्रतिपक्षी दल एमालेले उच्चस्तरीय छानबिन समिति माग गरेको छ । जसको मोडालिटीको बारेमा भने स्वयं एमाले प्रष्ट छैन ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० साउन ।

बुधबार प्रतिनिधि सभाको बैठक कार्यसूचीमा प्रवेश गर्न सकेन । कारण - अवैध सुन आयात प्रकरणबारे जारी सरकारी अनुसन्धानमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको आशंका । राजस्व अनुसन्धान र नेपाल प्रहरीले गरिरहेको अनुसन्धानमा आशंका गर्दै एमालेले छुट्टै उच्चस्तरीय छानबिन समिति माग गरेको छ । यही माग राखेर एमालेले प्रतिनिधि सभाको >>> पृष्ठ २ मा

### रास्वपा र राप्रपाले माग्यो जवाफ



भ्रष्टाचार विरुद्धको फाइल खोलेको गन्न मात्र हो भने सरकारको दिन गन्न शुरु हुन्छ ।

**रवि लामिछाने**
सभापति, रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले अवैध सुन आयात प्रकरणमा सरकारको जवाफ माग गरेको छ । रास्वपाका संसदीय दलका नेता रवि लामिछानेले अवैध सुन आयात प्रकरणमा संलग्न मुख्य दोषी पक्राउ पर्नुपर्ने बताउँछन् । विमानस्थल बाहिर ट्याक्सीमा सुन आएको थाहा पाएपछि त्यहीँ नसमातेर ट्याक्सी मालिकको पुगेपछि समातेको भए मालिक पक्राउ गर्न सकिनेतर्फ किन ध्यान नपुऱ्याएको भन्दै प्रश्न गरे ।

केही कर्मचारीलाई सरुवा गरेर सुन तस्करी प्रकरणलाई टाल्न नपाइने उनको भनाइ छ । लामिछानेले >>> पृष्ठ २ मा



भरियालाई पक्रेर सुन तस्करका नाइकेहरुलाई जोगाउने काम नहोस् ।

**राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

### 'कसैको अनुहार हेर्न जरुरी छैन, सरकार अघि बढोस्'

माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेल सुन प्रकरणसहित अघि बढेका भ्रष्टाचारमा मुद्दाहरुमा कसैको अनुहार र कुनै दल नहेर्न सुझाउँछन् ।

अवैध सुन आयातमा सत्तारुढ दलकै कतिपय नेताहरु दोषी रहेको भनी समाचारहरु प्रकाशन भएको भनी विपक्षी दलहरुले प्रश्न उठाएका थिए । तिनलाई समेत जवाफ दिँदै सांसद दाहालले भने, 'माछा सानो ठूलोको प्रसंग होइन यहाँ । दोषीलाई कारबाही गर्ने कुरा हो, दोषीलाई कारबाही गर्दा खुसी हुनुपर्ने हो नि । यस प्रकारका घटनाहरुमा अझ अगाडि बढेर छानविन होस् ।'

भ्रष्टाचारसँग सम्बन्धित उठेका प्रश्नहरुको बारेमा छानविन >>> पृष्ठ २ मा

## सुन प्रकरणबारे रास्वपाको प्रस्ताव दर्ता



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० साउन ।

एक क्वीन्टल सुन अवैध रुपमा आयात भएको विषयलाई लिएर प्रतिनिधिसभामा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता भएको छ ।

रास्वपाका २० जना सांसदले सुन तस्करी प्रकरणको छानबिन गर्न माग गर्दै सभामुख देवराज घिमिरेलाई सार्वजनिक महत्वको प्रस्ताव बुझाएका छन् । आफूहरुको उक्त प्रस्तावलाई यथासिघ्र अगाडि बढाउन रास्वपा सभापति >>> पृष्ठ २ मा

# वैदेशिक रोजगार विशेष

## आकर्षणद्वारा स्वच्छ एवम् मर्यादित भर्ना प्रक्रियाबाट १८ सय ७५ कामदार पठाएको सार्वजनिक



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

आकर्षण इन्टरनेशनल प्रा.लि.ले स्वच्छ एवम् मर्यादित भर्ना प्रक्रियाबाट आफ्नो क्षमताले भ्याएसम्म उल्लेख्य मात्रामा नेपाली कामदार वैदेशिक रोजगारीका लागि मलेसिया पठाएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले स्रोत मुलुकमा कामदारहरूको छनोट गर्दा पूर्णरूपमा पारदर्शी, मर्यादित र निष्पक्ष प्रक्रियाको सुनिश्चितता गरी शून्य लागतमा पठाउनुपर्ने मापदण्ड तय गरेको छ ।

राजधानीको एयरपोर्टस्थित आकर्षण ईन्टरनेशनले गत आर्थिक वर्ष २०७९/०८० मा मलेसियाका विभिन्न म्यानुफ्याक्चरिङ कम्पनीमा एक हजार ८ सय ७५ जना कामदार उक्त मापदण्डअनुसार पूर्णत शून्य लागतमा पठाएको छ । उनीहरू प्रायः अदक्ष कामदार हुन् । त्यसमा महिलाको संख्या २ सय २१ रहेको छ ।

आकर्षणले बुधबार एक संक्षिप्त पत्रकार >>> पृष्ठ २ मा

### युरोप पठाइदिने भन्दै ठग्नेहरु पक्राउ

**काठमाडौं/मस–** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले वैदेशिक रोजगारीमा पोल्याण्ड पठाइदिन्छु भन्दै ठगी गर्ने एक व्यक्तिलाई पक्राउ गरेको छ । प्रहरीले सिन्धुपाल्चोक त्रिपुरासुन्दरी घर भइ हाल काठमाडौंको कोटेश्वर बस्ने अनन्त प्रकाश श्रेष्ठलाई पक्राउ गरेको हो ।

प्रहरीले योगेन्द्रबहादुर साउदसमेतलाई वैदेशिक रोजगारीका लागि पोल्याण्ड पठाइदिन्छु भन्दै आठ लाख रुपैयाँ ठगेको अभियोगमा श्रेष्ठलाई पक्राउ गरेको हो । >>> पृष्ठ २ मा

**यूएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORP ORATION(MIDDLE EAST) LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/०३ — चलानी नं.: ६०२०४८७५ — LT. No.: 289676

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Reinforcing Fitter | 80 | 0 | स. काममा दक्ष | 1200 | ४२,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता पि.आई टि. ट्रेडिङ सेन्टर, जनकपुर, धनुषामा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता बहुउद्देश्यीय क्यापिटल ट्रेनिङ एण्ड जब सेन्टर, काठमाण्डौमा २०८० साउन १३ गते (29 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता झापा टेक्निकल इन्स्टिच्युट प्रा.लि., विर्तामोड, झापामा २०८० साउन १४ गते ( 30 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

यसै कम्पनीको लागि Finishing Carpenter को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068

**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Janakpur cont:- 9801046355, Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

**UAE को प्रतिष्ठित Jems Int'l School मा पुरुष कामदारहरूको लागि रोजगारी**

कम्पनी: INFRACARE MAINT. & CLEANING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति:२०८०/०३/१२ — चलानी नं.:६०२०३८९९ — LT. No.:288689

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 0 | स. काममा दक्ष | 800 | २८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

सामान्य अंग्रेजी र हिन्दी बोलचाल गर्न सक्ने र उमेर १८ देखि ३८ वर्ष सम्म हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन ११, १२ र १५ गते मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

साथै UAE को प्रतिष्ठित UIG Group कम्पनीबाट मेसन, कारपेन्टर, स्टिल फिक्सर, स्काफफोल्डर, लेबर हेल्पर को माग भई आएकोमा फाइनल अन्तर्वार्ता प्रधान कार्यालय काठमाडौंमा: साउन १४ र १५ गते हुनेछ ।
पूर्व स्वीकृत मिति: २०७८/०९/२० — चलानी नं.:६०१७२०४६ — LT. No.: 255573

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.**
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
श्रम इजाजत नं. ६३९/०६३/०६४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

११ साउन २०८०, बिहीबार
27 July 2023, Thursday

### देउवाले...

राखे । तर सभापति देउवाको मूल सन्देश भने धन्यवाद मात्रै थियो ।

'धेरै आलोचना होला भन्ने थियो, कम भयो । यसका लागि धन्यवाद !' हाँस्दै देउवाले भनेका थिए । केन्द्रीय कार्य समितिमा ८० प्रतिशत बढी नेताहरु देउवा निकट भएकाले आलोचना धेरै हुने संभावना पनि थिएन । तर एक साता केन्द्रीय नेताहरुलाई बोल्ने समय दिदै बसिरहेका देउवाले आफ्नो आलोचना गर्नेलाई समेत धन्यवाद भनेर बैठक टुंग्याए ।

### सरकारी...

बैठकमा अवरोध गरेको हो । सभामुख देवराज घिमिरेले आकस्मिक समयपछि शून्य समयको कारबाही अघि बढाएपछि एमाले सांसदहरु वेल घेराउमा गएर नाराबाजी सुरु गरेका थिए । उनीहरुले 'सुन तस्करलाई कारबाही गर, उच्चस्तरीय छानविन समिति गठन गर' भन्ने नारा लगाएका थिए । तर उच्च स्तरीय छानविन समितिको मोडालिटीको बारेमा भने स्वयम एमाले प्रष्ट छैन । सरकार तयार भएपछि छानविन समितिको मोडालिटीको विषयमा छलफल हुन सक्ने एमाले प्रमुख सचेतक पदम गिरीको जवाफ छ । आकस्मिक समयमा बोल्दै गिरीले 'राजश्व अनुसन्धान विभागलाई सूचना प्राप्त हुँदा प्रधानमन्त्री, अर्थमन्त्री र गृहमन्त्रीलाई थियो कि थिएन ?' भनी प्रश्न गरे । यसैमा उनले भनेका छन्, 'कर्मचारीको सेटिङले मात्र यस्तो सुन तस्करी भएको छैन ।'

पछिल्लो २३ महिनामा २० क्विन्टलभन्दा बढी सुन तस्करी भएको दाबी गर्दै उनले भने, 'यसको संरक्षण कसले गऱ्यो ? गृहमन्त्रीले गर्नु भएको हो कि होइन ? प्रधामन्त्रीले गर्नु भएको हो कि होइन ? अर्थमन्त्रीले गर्नु भएको हो कि होइन ।'

गृहमन्त्री नारायणकाजी श्रेष्ठले जुन सुकै कोट वा टार होस् म कारबाही गर्छु भनेर जनतामा भ्रम छरेको भन्दै उनले भने, 'गृहमन्त्री अब कुर्सीमा बस्न कुनै पनि हिसाबले लायक हुनुहुन्न । अब कुन नैतिक धरातलमा त्यो पदमा बस्न सुहाउँछ ?' मन्त्रीहरुको सेटिङमा सुन तस्करी भएको दाबी गर्दै एमाले प्रमुख सचेतक गिरीले यसबारे छानबिन गर्न संसदले उच्चस्तरीय समिति बनाउनुपर्ने माग गरे । उच्चस्तरीय छाबिन हुने र जरासम्म पुग्ने सुनिश्चितता नभए संसद अघि बढ्न नसक्ने उनले बताए । सोही अनुसार शून्य समयमा संसद प्रवेश गर्न खोजेपछि एमाले सांसदहरुले वेल गएर नाराबाजी गरेका हुन् ।

साउन दुई गते साँझ राजश्व अनुसन्धान विभागको टोलीले त्रिभुवन विमानस्थलबाट बाहिर लैजान लागिएको अवस्थामा करिब क्विन्टल सुन बरामद गरेको थियो । साउन १० गतेसम्म यस प्रकरणमा संलग्न भएको एक भारतीय र एक चिनियाँ नागरिकसहित १७ जना पक्राउ परेका छन् ।

### रास्वपा...

सरकारले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवासको जग्गा प्रकरण लगायतका प्रकरणमा समेत जरोसम्म नपुगेर गिजोल्ने काममात्र गरेको आरोप समेत लगाए ।

'भ्रष्टाचार विरुद्ध चालेको कदमलाई स्याबास भनेको फाइदाका रुपमा नलिइयोस्' रास्वपा सभापति लामिछानेको चेतावनी छ, 'जरासम्म पुग्ने साहस लिएको हो भने ठीक छ । फाइल खोलेको गन्न मात्र सुरु गरेको हो भने सरकारको दिन गन्न सुरु हुन्छ ।'राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन सरकारले चाहे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भइरहेको सुन तस्करीको जरोसम्म पुग्न सक्ने बताउँछन् ।'...त्यो (एक क्विन्टल सुन) कुनै सूचनाको आधारमा पक्राउ पऱ्यो होला नि त । सूचनाको स्रोत को हो ? स्रोतले त्यसमा को को संलग्न छ भन्ने सूचना दिएन होला ?' उनको प्रश्न छ, 'कि यो कुनै बाह्य दबाब र सूचनाको आधारमा कसैलाई देखाउनकै निम्ति यो एक ट्रिप सुन पक्रने काम भएको हो ?' अध्यक्ष लिङ्देनले दोहोऱ्याएका छन्, 'भरियालाई पक्रेर सुन तस्करका नाइकेहरुलाई जोगाउन काम नहोस् ।'

### कसैको...

गरेर, व्यक्तिको अनुहार नहेरि व्यक्तिको काम, शैली, तरिका र गल्ति हेरेर आफ्को क्रियाकलापहरुलाई अगाडि बढाउन सरकारलाई सांसद दाहालको सुझाव छ । उनी भन्छन्, 'कसैको अनुहार हेर्न जरुरी छैन सरकार अघि बढोस् ।'

प्रमुख सत्ताघटक नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले पनि नेपाल तस्करीका लागि उर्वर भूमि हुन लागेको उल्लेख गर्दै तस्करको मुख्य नाइकेसम्मै पुग्ने गरी अगाडि बढ्न सरकारलाई सुझाव दिए । अनेक बाहनामा नेपालमा सुन भित्रिरहेको उल्लेख गर्दै उनले दोहोऱ्याए, 'भरियालाई पक्रिएर मेन नाइकेलाई छोड्न हुँदैन ।'

भरियालाई जेल पठाएर क्वीन्टल सुन प्रकरणलाई सामसुम पार्ने नसोच्न कांग्रेसकै अर्का सांसद डा. शुनिल शर्माको चेतावनी छ । एक क्वीन्टल सुन तस्करी प्रकरणका मुख्य नाइकेलाई पक्राउ नगरे संसद भवनभित्रै आमरण अनसन बस्ने उनको घोषणा छ ।

### सुन...

लामिछानेको माग छ । 'नेपालको अर्थतन्त्रमा नै विचलन र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार परीक्षणको संचालन र त्यहाँको प्रणालीमा नै गम्भीर प्रश्न खडा गरेको' जरुरी सार्वजनिक महत्वको प्रस्तावमा भनिएको छ । जरुरी सार्वजनिक महत्वको प्रस्तावको अवश्यकताबारे उक्त प्रस्तावमै पनि बुँदागत रुपमा ब्याख्या गरिएको छ ।

ठूलो मात्राको सुन कसरी पत्ता नलागी भन्सार जाँचपास भयो ? सरकारले अब सुनको अवैध आयात तथा तस्करीको संगठित अपराध नियमन गर्न के-कस्तो पहल लिएको छ ? यदि पहल गरेको भए उक्त पहलमा के-कति प्रगति भएको छ ? भन्सार भित्रबाट नै भएका तस्करीको भविष्यमा कडा रोकथामका सम्बन्धमा सरकारले के कस्तो कार्ययोजना पहल गरेको छ ? सरकारले बरामद भएका सुनको प्रयोग के -कसरी गर्ने सोचेको छ ? यी लगायतका प्रश्नहरुको जवाफ जरुरी सार्वजनिक महत्वको प्रस्तावमार्फत खोजिएको छ ।

सुन तस्करीमा नेपाललाई नै किन हब ट्रान्जिटको श्रपमा संगठित अपराधीले सजिलै प्रयोग गरिरहेका छन ? भन्ने विषयमा अपराधशास्त्रको विन्दुबाट अध्धयन र अनुसन्धान सरकारसँग माग गरिएको छ । नेपाल राष्ट्र बैंकबाट जारी परिपत्रअनुसार कडा रुपमा सुनको आयात नियमन गराउन सरकारले गरेको प्रयासबारे जानकारी माग गर्नका लागि समेत यो प्रस्ताव अगाडि सारिएको प्रस्तावमै उल्लेख छ ।

नेपालमा अवैध सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद भएको पहिलो पटक नभएको दाबी गर्दै रास्वपाले सरकारले गरेका विगतका भएका भनिएका सुन तस्करीको छानबिनको प्रतिवेदन सार्वजनिक गर्न र तत्पश्चात अपनाएको नियन्त्रण उपायको विश्लेषणात्मक प्रतिवेदनसमेत माग गरेको छ ।

### आकर्षणद्वारा...

सम्मेलन गर्दै शून्य लागतमा सो कम्पनीले हालसम्म गरेका क्रियाकलापहरु सार्वजनिक गरेको हो । सो अवसरमा कम्पनीका अध्यक्ष विष्णु केसीले आईएलओको मापदण्डअनुसार मर्यादित भर्ना प्रक्रियाबाट शून्य लागतमा कामदार पठाउने अभ्यास नेपालको सन्दर्भमा जटिल र सकसपूर्ण भएपनि शून्य लागतमा नै वैदेशिक रोजगारमा कामदार पठाउनुपर्ने प्रचलनको शुरूवात भएकाले जटिलतालाई आत्मसात गरी कोरोना महामारीपछि आफ्नो कम्पनीले पूर्णरूपमा शून्य लागतमा कामदार पठाउन शुरू गरेको बताए ।

मलेसियामा बहुराष्ट्रिय लगानीका कम्पनीहरूले मर्यादित प्रक्रियाबाट छनोट भएका विदेशी कामदारमात्रै लिने भएकाले नेपालका म्यानपावर कम्पनीहरूले कामदारबाट रकम लिएर पठाउने हालको अभ्यास र गुनासो परिवर्तन गरी शून्य लागतमा कामदार पठाउन अग्रसर हुनुपर्ने पनि अध्यक्ष केसीले बताए । मलेसियामा बहुराष्ट्रिय कम्पनीले 'इथिकल प्रोसेस' पूरा गरे-नगरेको सम्बन्धमा सावधानीपूर्वक अनुगमन र अडिट गर्ने गरेको भन्दै अध्यक्ष केसीले पछिल्ला दिनहरूमा आईएलओको मापदण्डप्रति रोजगादाता कम्पनी र कामदार विशेषरूपमा सचेत हुन थालेको बताए । आकर्षण इन्टरनेशनलले रोजगारीका लागि मलेसिया जाँदा लाग्ने हवाई टिकट, भिसा शुल्क, मेडिकल, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोष, अन्तर्वार्तादेखि उडानसम्मको प्रक्रियामा आउने जाने गाडी भाडा, खाना बस्नको व्यवस्थापन एवम् राहदानीबापतको शुल्क वैदेशिक रोजगारमा जाने कामदारलाई दिने गरिएको बताएको छ ।बुधबार मात्रै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीलाई भेटेर मलेसियामा बहुराष्ट्रिय कम्पनीहरूमा आईएलओको मापदण्डअनुसार कामदार पठाएको विषयमा छलफल गरेका अध्यक्ष केसीले यस विषयलाई नेपाल सरकार, मन्त्रालय र सञ्चारजगतले महत्व दिन जरुरी रहेको अपिल गरे । उनले भने, 'व्यवसायीले सेवा शुल्क नपाएको अवस्थामा सरकारले बोलिदिनुपर्छ । सञ्चारजगतले यसको महत्वका विषयमा निरन्तर सरोकारवालाहरूको ध्यानाकर्षण गर्नुपर्ने देखिएको छ, विगतमा यस विषयमा यदाकदा चर्चा हुने भएपनि पछिल्ला वर्षहरूमा इथिकल रिक्रुटमेन्ट बाध्यता बन्दै आएको छ ।'

रोजगारदाता कम्पनीबाट डिमाण्ड आएपछि म्यानपावर कम्पनीले शुरूमा आफ्नै लागतमा कामदारको स्वास्थ्य परीक्षणदेखि हवाई टिकट खरिद गरेर पठाउनु पर्दा सय जना कामदार बराबर कम्तीमा एक करोड रुपैयाँ बढीको लगानी चाहिने अनुभव सुनाउँदै अध्यक्ष केसीले कामदारको भर्ना प्रक्रियामा थप जनशक्ति चाहिने अवस्थाले रिक्रुटिंग एजेन्सीको लागत भने बढाउने गरेको बताए ।

उक्त कम्पनीका निर्देशक मिलन थापाले आइएलओको मापदण्डअनुसार कामदार पठाउँदा केही समयका लागि ठूलो लगानी चाहिने देखिएको भन्दै इथिकल रिक्रुटमेन्टका विषयमा आवाज उठाउँदै आएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग लगानीका लागि छलफल चलाइरहेको बताए । थापाका अनुसार रोजगारदाता कम्पनीबाट भुक्तानी पाउन कम्तीमा एक महिना कुर्नुपर्ने अवस्था छ । केही कम्पनीले मात्रै एडभान्स रकम पठाउने गरेका छन् ।

निर्देशक थापाले इथिकल रिक्रुटमेन्ट प्रोसेसबाट कामदार पठाउँदा रोजगारदाताहरूसँग सेवा शुल्क लिने विषयमा केही जटिलता देखिएको भन्दै मलेसियासँग यसअघिको श्रम सम्झौतामा उल्लेखित कामदारको आधा महिनाको तलब बराबरको रकम सेवा शुल्क लिने गरेको बताए ।

प्रायः भर्ना प्रक्रियामा कामको वास्तविक प्रकृतिको बारेमा झुटो बोल्ने, सम्झौताहरू परिवर्तन गर्ने अवैध भएपनि भर्ना शुल्कको माग गर्ने, नगदमा भर्ना शुल्क तिर्न नसक्ने कामदारहरू ऋणको बन्धनमा फस्ने गरेका छन् । कतिपय कामदार उच्च ब्याजदरमा ठूलो ऋण तिर्न बाध्य छन् । यी अभ्यासहरूलाई रोक्न, प्रवासी कामदारहरू भर्ती गर्न खोज्ने रोजगारदाताहरूले सम्मानित भर्ना प्रक्रिया अपनाउने गरेका छन् ।

### युरोप...

श्रेष्ठले प्रतिव्यक्ति १२ लाख रुपैयाँ लाग्ने र पोल्याण्ड पुगेपछि दुई लाख रुपैयाँ तलब हुने प्रतिष्ठित कम्पनीमा काम लगाइदिन्छु भनेर विश्वास दिलाइ प्रलोभनमा पारेर रकम लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ । श्रेष्ठविरूद्ध साउदले वैदेशिक रोजगार विभागमा उजुरी दिएपछि विभागको पत्रानुसार श्रेष्ठलाई काठमाडौंको जोरपाटी नारायणटारबाट पक्राउ गरेको हो ।

त्यसैगरी प्रहरीले क्रोएसिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा उदयपुर ताप्लीका प्रचलन राईलाई पनि पक्राउ गरेको छ । उनले समरबहादुर परियारलगायतलाई वैदेशिक रोजगारीका लागि क्रोएसिया पठाइदिने प्रलोभन देखाएर त्यसका लागि प्रतिव्यक्ति ६ लाख रुपैयाँ लाग्छ भनेर रकम लिएको प्रहरीले बताएको छ । राई ललितपुर नखीपोटबाट पक्राउ परेका हुन् । त्यसैगरी प्रहरीले वैदेशिक रोजगारका लागि माल्टा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा सुनसरी बराहक्षेत्रका मौसम मग्रातीलाई पनि पक्राउ गरेको छ । मग्रातीले टोकमान गुरुङलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने र आकर्षक तलब हुने प्रलोभनमा देखाएर गुरुङबाट रकम लिइ सम्पर्कविहीन भएको प्रहरीले दाबी गरेको छ । उनी काँडाघारीबाट पक्राउ परेका हुन् । प्रहरीलाई तीनै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाइएको बताएको छ ।

## नगर प्रमुख सिन्हाद्वारा प्रशासनिक भवन उद्घाटन



प्रेमचन्द्र झा/मध्यान्ह
रौतहट, १० साउन

ईशनाथ नगरपालिकाको नयाँ प्रशासनिक भवनको उद्घाटन गरिएको छ । नगर प्रमुख कौशल्या देवी सिन्हाले नवनिर्मित प्रशासनिक भवनको एक कार्यक्रमबीच उद्घाटन गरेकी हुन् । नगर प्रमुख सिन्हाले नयाँ आर्थिक वर्षको शुरुवातसँगै ईशनाथ नगरपालिकाको प्रशासनिक भवनको उद्घाटन गर्न पाउँदा खुसी लागेको बताइन् ।

५० लाख ४९ हजार ११ रुपैयाँको लागतमा नवनिर्मित प्रशासनिक भवन निर्माण गरिएको प्रमुख प्रशासकीय अधिकृत उपसचिव भुदेव झाले बताए । नवनिर्मित प्रशासनिक भवनको भुईं तल्लामा सभा कक्षसहित दश वटा कोठा रहेको उनले बताए ।

सो अवसरमा नगर उपप्रमुख मोहमद परवेज, जग्गादाता पूर्ववडा अध्यक्ष राम कैलाश राउत, वडा नं १ देखि वडा नं ९ सम्मका वडा अध्यक्ष, समाजसेवी, विभिन्न राजनीतिक दलका जनप्रतिनिधि र नगर कर्मचारीहरुको उपस्थिति रहेको थियो । सो प्रशासनिक भवन बनाउन राम कैलास राउतले तीन कट्ठा जग्गा दान दिएका थिए भने तत्कालीन नगर प्रमुख सन्तोष कुमार मेहताले भवनको शिलान्यास गरेका थिए ।


**Golden Achievers International Pvt. Ltd.**
**गोल्डेन अचिभर्स इन्टरनेशनल प्रा. लि.**

प्रकाशित मिति : २०८०/०४/११

श्रीमान् कार्यलय प्रमुख ज्यू
वैदेशिक रोजगार विभाग
ताहाचाल, काठमाण्डौं
महोदय,
विषयः आवश्यक कारवाही र उद्धार बारे ।

प्रस्तुत् विषयमा नेपाल स्थित यस गोल्डेन अचिभर्स इन्टरनेशनल प्रा. लि. (वै. रो. इजाजत नं. १५३३।०७८।०७९) र U.A.E. मा रहेको NORTH FIRM HOSPITALITY SERVICES CO LLC संगको द्विपक्षीय श्रम सम्झौता गरी नेपाल सरकारले तोकेको संस्थागत वैदेशिक रोजगारको मापदण्ड वमोजिम नेपाल सरकारबाट पुर्व स्वीकृती निकाली नेपाली कामदारको छनोट गरी सो Demand LT no. 282955 बाट पुरुष १० जना र महिला ९ जना गरी कुल १९ जना कामदार यहि मिति ०२।०६।२०२३ मा यस प्रा.लि. बाट UAE स्थित उल्लेखित कम्पनीमा रोजगारीको लागि पठाएको हो । कम्पनीमा पुगेर काममा हाजिर भए पश्चातनै केहि महिला Candidates हरुले काम स्थाई प्रकृतीको नभएको, एकै ठाऊमा दुई जना सुत्नु पर्ने, केटाकेटि एउटै कोठामा बस्नु पर्ने, समयमा तलब नदियेको Bicycle को सहाराले १-२ घण्टाको बाटो हिडेर जान आउनु पर्ने, काम पनि रेगुलर नहुने, खाना वस्त्रको पनि राम्रो वन्दोवस्त नभएको भन्ने गुनासो गर्ने गरेको र सो वारेमा तहां कम्पनीका आधिकारीक संचालक भन्ने मानिसहरू रजत खड्का र निकेश प्रशाईलाई सो वारेमा वारम्वार भन्दा हामी सवै वन्दोवस्त मिलाउंछौं किहि समय काम गर्दै गर्न भन्नु भन्ने गरेकाले निजहरूको विश्वासमा परी पर्खेर वस्यौं तर कामदारको व्यवस्थापन गर्नुको सट्टामा निज दुवै जना मानिसहरू यस प्रा. लि. को सम्पर्कमानै नआइ मोवाईल सम्पर्कनै विच्चेद गरी वसेकोले यस प्रा. लि. का आधिकारीक प्रतिनिधी श्री सोम बहादुर तामाङ दुबइ (UAE) स्थित उल्लेखित कम्पनीमा पठाएको र निजले कम्पनीमा गई वास्तविकता वुझ्नकोलागि धेरै प्रयास गर्दा पनि कम्पनीका आधिकारीक मानिसहरू रजक खड्का र निकेश प्रशाई सम्पर्कमा नआई भागि हिंडेकोले UAE स्थित Nepal Embassy बाट पनि Telephone मार्फत उक्त कम्पनिको H.R Manager रजत खड्का लाई Warning दिदा पनि उक्त कम्पनि सम्पर्कमा नआएको हुदा उक्त कम्पनीलाई Block list गरी उक्त कम्पनिको आधिकारिक व्यक्ति निकेश प्रशाई र रजत खड्का लाई कानुन वमोजिमको कारवाही गरि पाउँ र निम्न व्यक्तिहरूलाई नेपाल फर्काउनको लागि आवस्यक सहजीकरण गरी दिनु हुन अनुरोध छ ।

नामः
१. राधा चौधरी — PA1043543
२. कान्छीमाया घले लामा — PA0054427
३. प्रेम चौधरी — PA1044338
४. नरेश सापकोट — PA0408702

NORTH FIRM HOSPITALITY SERVICES CO LLC संञ्चालक
१. रजत खड्का — +971501264956
२. निकेश प्रशाईं — +971544525223

निवेदक
सौ कुमारी राई
(अध्यक्ष)



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/११

**अभिरुप कन्सर्न प्रा.लि.** (Avirup Concern Pvt. Ltd.) को मिति २०८०/०२/१० गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुवेक्षा इन्टरप्राइजेज प्रा.लि.** (Subekshya Enterprises Pvt. Ltd.) **(प्रा.लि. नं.: २३९३५२)** कायम गर्ने गरी मिति २०८०/०३/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**UAE मा रोजगार** | कम्पनी : **MOHAMMED PABEL ALAM SECURITY SERVICES**
शहरः UAE

पूर्व स्वीकृत मितिः२०८०/०१/०४ | चलानी नं.:६०२००२७७ | LT. No.: 284821

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब UAE | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secretary | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 21 | 0 | | 1200 | ४२६९६ | | | | | | | |
| 3. | Security Supervisor | 3 | 0 | | 1800 | ६४०४४ | | | | | | | |
| 4. | Filling Clerk | 2 | 0 | | 1500 | ५३३७० | | | | | | | |
| 5. | Accountant | 1 | 0 | | 1800 | ६४०४४ | | | | | | | |
| 6. | Sales Manager | 1 | 0 | | 2000 | ७११६० | | | | | | | |
| 7. | Human Resource Manager | 1 | 0 | | 2000 | ७११६० | | | | | | | |
| 8. | Operation Manager | 1 | 0 | | 2000 | ७११६० | | | | | | | |

**कतारमा रोजगार** | कम्पनी : **Himalayan Professional Labors Gamp; Cleaning Services WLL**
शहरः Qatar,Doha

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ | चलानी नं.: ६०१८७१३६ | LT. No.:271520 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BUSINESS EXCECUTIVE | 2 | 0 | स. काममा दक्ष | 2500 | ८९,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | PURCHASE REPRESENTATIVE | 2 | 0 | | 2200 | ७८,८९२ | | | | | | | |
| 3. | Messengeer | 1 | 0 | | 1100 | ३९,४४६ | | | | | | | |
| 4. | Marketing Representitive | 2 | 0 | | 2500 | ८९,६५० | | | | | | | |
| 5. | Receptionist | 3 | 0 | | 1100 | ३९,४४६ | | | | | | | |
| 6. | Representative | 1 | 0 | | 2200 | ७८,८९२ | | | | | | | |
| 7. | Accountant (Male) | 1 | 0 | | 3600 | १२९,०९६ | | | | | | | |
| 8. | Technician | 1 | 0 | | 1100 | ३९,४४६ | | | | | | | |
| 9. | GYPSUM TECHNICIAN | 1 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |
| 10. | Waiter | 1 | 0 | | 1400 | ५०,२०४ | | | | | | | |
| 11. | LABOUR | 3 | 0 | | 1000 | ३५,८६० | | | | | | | |
| 12. | General Cleaning Worker | 2 | 0 | | 1000 | ३५,८६० | | | | | | | |
| 13. | Electrician | 1 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १८ गते (3 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२
**फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.**
सामाखुसी, काठमाडौं, नेपाल फोनः ४३८७४९९, ४३६२६६२
मोः ९८०३१४८०२१, ९७४१८७५४३६ । Email: hrfriendship1@gmail.com






**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्याङ्गडाडा, झापा
कोशी प्रदेश, नेपाल



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/११

**चिया चौतारी एंड क्याफे** को मिति २०८०/०३/२५ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चौतारी क्याफे एंड रेस्ट्रे (प्रा.लि. नं.: ३१३३३१)** कायम गर्ने गरी मिति २०८०/०३/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/११

**जनसेवा डेन्टल होम प्रा.लि.** (Janasewa Dental Home Pvt. Ltd.) को मिति २०८०/०२/१० गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **साहारा दाँत उपचार केन्द्र प्रा.लि.** (Sahara Daat Upachar Kendra Pvt. Ltd.) **(प्रा.लि. नं.: ९७५१४)** कायम गर्ने गरी मिति २०८०/०२/२८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८०/०४/११

**दिस्त्री कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०१/३० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अष्टकाली कन्ट्रयाक्टर एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं.: २८०३३९)** साथै साविक ठेगाना परिवर्तन गरी **चन्द्रागिरी नगरपालिका-१३, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०३/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०८/०५ मा दर्ता भएको **प्रा.लि. नं. १५८६१५** को **अल टप एकता इन्भेष्ट एण्ड मल्टिपर्पोज प्रा.लि.**को मिति २०८०/०४/०९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

# सरुवा प्रणालीको विकृति अन्त्य गर्दै मन्त्री मोदी



**मध्यान्ह संवाददाता**
काठमाडौं, १० साउन

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले सरुवा प्रणालीका विद्यमान विकृति अन्त्यको प्रारम्भ गरेका छन् । निजामती कर्मचारीहरुको सरुवामा देखिएका विकृति र विसंगति अन्त्य गर्नका लागि मन्त्री मोदीले विभिन्न प्रयास गर्दै आएका छन् । त्यसमध्ये २०८० जेठ २९ गते मन्त्री मोदीको निर्णयमा सरुवालाई व्यवस्थित बनाउनका लागि सहसचिव बलराम रिज्याल संयोजक, सहसचिव हेमराज तामाङ, उपसचिवत्रय मेहन्द्र प्रसाद साँखी, खिलराज राई र कमानसिं थापामगर सदस्य रहेको कार्यदल गठन भएको थियो ।

निजामती कर्मचारीहरुको सरुवालाई व्यवस्थित बनाउनका लागि गठित सरुवा व्यवस्थापन कार्यदलले मन्त्री मोदीलाई प्रतिवेदन बुझाएका छन् । सो कार्यदलले कर्मचारी सरुवा सम्बन्धमा उठेका समस्या र चुनौती, सरुवा सम्बन्धमा सफ्टवेयर प्रयोगको अवस्था र सरुवा प्रणालीमा सुधारका लागि विभिन्न सुझाव सम्मिलित प्रतिवेदन मन्त्री मोदीलाई बुझाएको मन्त्री मोदीका प्रेस संयोजक बुद्ध लोप्चनले जानकारी दिए ।

कार्यदलले बुझाएको प्रतिवेदन तत्काल लागू गर्नेगरी मन्त्रालयमा अहिले गृहकार्य चलिरहेको छ । प्रतिवेदनमा उल्लेख भएका सुझावहरु कार्यान्वयन गर्दै सरुवाका विद्यमान समस्या र विकृति अन्त्य गर्ने तयारीमा मन्त्री मोदी छन् । कार्यदलले कर्मचारीको पदपूर्तिदेखि अवकाशसम्मका सम्पूर्ण विवरणलाई सफ्टवेरमार्फत व्यवस्थित गर्नुपर्ने सुझाव समेत दिएको छ । कर्मचारी व्यवस्थापन प्रणाली (पिएमएस) विकास गर्ने र सो प्रणालीलाई निजामती किताबखानाको वैयक्तिक सूचना प्रणाली (पिआइएस)सँग आबद्ध गर्न पनि प्रतिवेदनले भनेको छ ।

त्यसैमार्फत बिदा स्वीकृति, सरुवा निवेदन, सरुवा सहमति, पदस्थापन, काज, कामकाज, रमाना, बरबुझारथ, हाजिर भएको जानकारी, बढुवा, विभागीय कारबाही, अनुशासन र आचरणसम्बन्धी अभिलेख वैदेशिक अध्ययन, तालिम, निलम्बनसमेतका विवरणको व्यवस्थापन गर्न कार्यदलले सुझाएको छ । सफ्टवेयरमा संगठन संरचना र दरबन्दीको अद्यावधिक विवरण, टिप्पणी व्यवस्थापन (उठान, पेस र सदर) लगायत अभिलेख तथा स्वतः अद्यावधिक हुने व्यवस्था गर्नुपर्ने, लोकसेवा आयोगको भर्ना प्रणालीको तथ्यांकसँग यो प्रणालीलाई आबद्ध गरी कर्मचारीको माग आकृति फाराममदेखि सिफारिससम्मको विवरण स्वतः लिने व्यवस्था, अतिरिक्त समूह र फाजिलमा रहेको कर्मचारीको विवरणलगायत विषय समेट्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

'विद्यमान अवस्थाको विश्लेषण गरी सरुवालाई व्यवस्थित गर्न उल्लिखित सिफारिस एवं कर्मचारी सरुवा व्यवस्थापन सफ्टवेयरको प्रयोग गरी प्रणालीमा आधारित बनाउनु आवश्यक छ,' प्रतिवेदनको निष्कर्षमा कार्यदलले भनेको छ । मन्त्री मोदीले यसअघि स्थानीय तहमा निमित्त प्रशासकीय अधिकृत नदिने, बढुवा भएका अधिकृत र उपसचिवलाई स्थानीय तहमा खटाउने लगायतका दर्जनौं लोकप्रिय निर्णय गर्दै कार्यान्वयनमा ल्याएका थिए ।

# उदयपुरमा सवारीसाधन कारबाहीबाट एक करोड बढी राजस्व संकलन

**बिन्द्र राई / मध्यान्ह**
उदयपुर, १० साउन

उदयपुरमा ट्राफिक प्रहरीको सक्रियतासँगै राजस्व संकलनमा पनि वृद्धि भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्ष २०७८/७९को तुलनामा गत आर्थिक वर्ष २०७९/८० मा २८ लाख ८० हजार पाँच सय रुपैयाँले राजस्व संकलनमा वृद्धि भएको हो ।

सुरक्षा, चेकजाँच तथा ट्राफिक प्रहरीको सक्रियता बढेसँगै ट्राफिक नियम मिच्दा दण्ड जरिवाना, सवारी साधन कारबाहीको संख्या बढेकाले पनि राजस्व संकलनमा वृद्धि भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका वरिष्ठ नायव निरीक्षक लोक बहादुर दियालीले बताए । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ मा एक करोड ५२ लाख १७ हजार रुपैयाँ राजस्व संकलन भएको र २३ हजार छ सय ५० सवारीसाधन कारबाहीमा परेको दियालीले बताए ।

सवारीसाधन दुर्घटनामा ४४ जनाको मृत्यु भएको छ भने १ सय २ जना गम्भीर घाइते, चार सय ८३ साधारण घाइते भएका छन् । यस्तै तीन सय ५७ सवारीसाधन दुर्घटनामा पर्नुका साथै ३ वटा पशुचौपाया मरेका र १ वटा घाइते भएको छ । यस्तै दुई सय ७७ वटा सडक दुर्घटना भएको ट्राफिक कार्यालयले जनाएको छ ।

सवारीसाधन कारबाहीमा सबैभन्दा बढी मोटरसाइकल ९ हजार दुई सय २९ रहेकोमा ५८ लाख ६६ हजार पाँच सय रुपैयाँ राजस्व संकलन भएको छ । सबैभन्दा कम अन्यमा २४ सवारीसाधनबाट १९ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

त्यसैगरी आर्थिक वर्ष २०७९/८० मा एक करोड ८० लाख ९७ हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरिएको छ । २६ हजार चार सय ५० सवारीसाधन कारबाहीमा परेका छन् । सवारीसाधन दुर्घटनामा ३४ जनाको मृत्यु भएको छ भने ८१ जना गम्भीर घाइते भएका र २ सय ६६ जना सामान्य घाइते भएका छन् । यस्तै दुई सय ४० सवारीसाधन दुर्घटना परेको ट्राफिक प्रहरीले जनाएको छ ।


## साउदीमा रोजगार | कम्पनी: SAUDI ARABIAN PACKING INDUSTRY W.L.L SAPIN
शहर: Saudi Arabia,Damman

पूर्व स्वीकृत मिति: २०८०/04/10 चलानी नं.: ६०२०५२२० LT. No.: 289396

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload and Download Operator | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० साउन १८ गते (3 Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

TEAMPRO
Govt. License No.: 1153/073/074
TEAMPRO H.R. Services Pvt Ltd
P.O. Box:19845 | Halesi Marg, Mandikatar, Budhanilkantha -8, Kathmandu
Phone: 01-4372222, E-mail: teamprohrs@gmail.com

## कुवेतमा रोजगार | १. कम्पनी : CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO. W.L.L.
शहर: Kuwait,Capital Governorate

पूर्व स्वीकृत मिति: २०७९/१२/०८ चलानी नं.: ६०१९८५५९ LT. No.: 283084 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 250 | 40 | सम्बन्धित काममा दक्ष | 85 | ३६,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 10 | 0 | | 170 | ७२,३६७ | | | | | | | |

२. कम्पनी : DAR AL-MOSTAQBAL INTERNATIONAL GENERAL TRADING CO शहर: Kuwait,HAWALLY GOVERNORATE
पूर्व स्वीकृत मिति: २०८०/०२/२३ चलानी नं.: ६०२०२७१३ LT. No.: 287372 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | सम्बन्धित काममा दक्ष | 85 | ३६,१८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 25 | 0 | | 150 | ६३,८५३ | | | | | | | |

## कतारमा रोजगार | ३. कम्पनी : Road line trading and contracting शहर: Qatar, Doha

पूर्व स्वीकृत मिति: २०८०/०३/०४ चलानी नं.: ६०२०३४३१ LT. No.: 288046 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | EXECUTIVE SALES | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2100 | ७६,३०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | SUPERVISIOR | 5 | 0 | | 2500 | ८९,६५० | | | | | | | |
| 3. | Salesman | 8 | 0 | | 1300 | ४६,६१८ | | | | | | | |
| 4. | General Supervisior | 1 | 0 | | 2500 | ८९,६५० | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ८९,६५० | | | | | | | |
| 6. | Representative | 3 | 0 | | 2200 | ७८,८९२ | | | | | | | |
| 7. | Carpenter | 2 | 0 | | 1100 | ३९,४४६ | | | | | | | |
| 8. | LABOUR | 2 | 0 | | 1000 | ३९,४४६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० साउन १२ गते (28 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,००० कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No.: 1405/074/075
Chandra Kamana Manpower Pvt. Ltd.
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## कतारमा रोजगार | कम्पनी: Arun Valley Contracting Cleaning & Services
शहर: Qatar,Doha

पुर्व स्वीकृत मिति: २०८०/०४/०९ चलानी नं.: ६०२०५२२२ LT. No.: 289880

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 1 | 0 | | 2500 | ८९,६५० | | | | | | | |
| 3. | GENERAL CLEAN WORKER | 6 | 1 | | 1000 | ३५,८६० | | | | | | | |
| 4. | Brick Mason | 4 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |
| 5. | Pipe welder | 2 | 0 | | 1200 | ४३,०३२ | | | | | | | |
| 6. | MASON | 3 | 0 | | 2100 | ७५,३०६ | | | | | | | |

२. कम्पनी: AL SHADAB CLEANING AND SERVICES शहर: Qatar
पूर्व स्वीकृत मिति: २०८०/०४/१० चलानी नं.: ६०२०५२२१ LT. No.: 289944 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GENERAL CLEAN WORKER | 11 | 0 | | 1000 | ३५,८६० | | | | | | | |
| 3. | Marketing represent | 3 | 0 | | 2100 | ७५,३०६ | | | | | | | |
| 4. | Foreman | 10 | 2 | | 2500 | ८९,६५० | | | | | | | |
| 5. | SUPERVISIOR | 6 | 2 | | 2500 | ८९,६५० | | | | | | | |
| 6. | ADMINISTRATIVE SUPERVISOR | 0 | 2 | | 2500 | ८९,६५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० असार १८ गते (3 Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. १२२०/०७४/७५
United World Manpower Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com


## सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी ज्यूहरुमा सचेत रहन अपिल

उपयुक्त विषयमा यस गोल्डेन अचिभर्स इन्टरनेशनल प्रा. लि. (वै. रो. इजाजत नं. १५३३।०७८।०७९) र U.A.E. मा रहेको NORTH FIRM HOSPITALITY SERVICES CO LLC संगको द्विपक्षीय श्रम सम्झौता गरी नेपाल सरकारले तोकेको संस्थागत वैदेशिक रोजगारको मापदण्ड वमोजिम नेपाल सरकारबाट पूर्व स्वीकृति लिइ नेपाली कामदारको छनोट गरी सो Demand LT no. 282955 बाट पुरुष १० जना र महिला ९ जना गरी कुल १९ जना कामदार यहि मिति ०२।०६।२०२३ मा यस प्रा.लि. बाट UAE स्थित उल्लेखित कम्पनीमा रोजगारीको लागि पठाइएको थियो । कम्पनीमा पुगेर काममा हाजिर भए पश्चातनै केहि महिला कामदारहरुले काम स्थाई प्रकृतिको नभएको, एकै ठाऊमा दुई जना सुत्नु पर्ने, केटाकेटी एउटै कोठामा बस्नु पर्ने, समयमा तलब नदिएको Bicycle को सहाराले १-२ घण्टाको बाटो हिडेर जान आउनु पर्ने, काम पनि रेगुलर नहुने, खाना वस्नको पनि राम्रो वन्दोवस्त नभएको भन्ने गुनासो गर्ने गरेको र सो बारेमा उक्त कम्पनीका आधिकारीक संचालक भन्ने मानिसहरू रजत खड्का र निकेश प्रसाईलाई सो बारेमा बारम्बार भन्दा हामी सबै वन्दोवस्त मिलाउंछौं केहि समय काम गर्दै गर्न भन्नु भन्ने गरेकाले निजहरूको विश्वासमा परी पर्खेर बस्यौं तर कामदारको व्यवस्थापन गर्नुको सट्टामा निज दुबै जना मानिसहरू यस प्रा. लि. को सम्पर्कमा नै नआइ मोबाईल सम्पर्कनै विच्छेद गरी बसेकोले यस प्रा. लि. का आधिकारीक प्रतिनिधी श्री सोम बहादुर तामाङ दुबइ (UAE) स्थित उल्लेखित कम्पनीमा पठाइएको र निजले कम्पनीमा गई वास्तविकता बुझ्नकोलागि धेरै प्रयास गर्दा पनि कम्पनीका आधिकारीक मानिसहरू रजक खड्का र निकेश प्रसाई सम्पर्कमा नआई भागि हिंडेकोले UAE स्थित नेपाली दुतावासबाट पनि टेलिफोनमार्फत उक्त कम्पनिको H.R Manager रजत खड्कालाई चेतावनी दिंदा पनि उक्त कम्पनी सम्पर्कमा नआएको हुँदा उक्त कम्पनीलाई Block list गरी उक्त कम्पनीको आधिकारिक व्यक्ति निकेश प्रसाई र रजत खड्कालाई कानुन बमोजिमको कारवाही गरि पाउँ भनि यस प्रा.लि.ले वैदेशिक रोजगार विभागमा नियमानुसार निवेदन दिएको छ । यसर्थ उक्त NORTH FIRM HOSPITALITY SERVICES CO LLC र निजहरु निकेश प्रसाई र रजत खड्कासँग सचेत रहन सम्बन्धित सबै वैदेशिक रोजगार व्यवसायी ज्यूहरुमा अपिल गर्दछौं ।

श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९
**Golden Achivers International Pvt.Ltd.**
Basundhara Chauki Kathmandu, Tel: 01-5914478
Email: info@goldenach.com, web:www.goldenach.com


## KUWAIT मा रोजगार | कम्पनी : ROY RESTAURANT
शहर:Kuwait

पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.:६०१६९८९८ L.T. No.: 253135 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 10 | 0 | स. काममा दक्ष | 120 | ५१,०८२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० साउन १८ गते (3 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
MITHILA INTERNATIONAL SERVICE PVT. LTD.
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

## CYPRUS मा रोजगार | कम्पनी:DANA & THOMAS (CYPRUS) SERVICES LTD.
शहर: cyprus

पूर्व स्वीकृत मिति: २०८०/01/04 चलानी नं.: ६०२००१८७ L.T. No.: 284806

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/caregiver | 0 | 17 | सम्बन्धित काममा दक्ष | 309 | ४४,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer (Worker) | 0 | 3 | | 450 | ६४,९६६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८० साउन १८, १९ , २० र २१ गते (3, 4, 5 & 6 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 441/060/61
KATHMANDU INTERNATIONAL INCORPORATE PVT. LTD.
TOKHA 10, SAMAKHUSHI, Kathmandu
Tel: +977-1-496117, 4952265, E-mail: kiimanpowernepal@gmail.com, info@kii.com.np
Mobile : 9742475461 /Web: www.kii.com.np

## कतारमा रोजगार | कम्पनी: TAWFIQ SULTHAN & PARTNERS GROUP WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०१/०८ चलानी नं.: ६०२००५१५ LT. No.: 285177 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 2 | 3 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,२०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | waiter | 0 | 3 | | 1400 | ५०,२०४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० साउन १८ गते (3 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं: ५४३/०६१/०६२
क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
बसुन्धारा, काठमाडौं, फोन नं.: ४९५९७७२, ४९८४१९०, ४९९४१९१
फ्याक्स नं.: ४३८३६२७ Email: capital2004@yahoo.com | देबी प्रसाद अधिकारी ९८५१०९९३००
" Real Happiness Lies in Making Other Happy"

## यूएईमा रोजगार | कम्पनी: ARABIAN GULF FACILITY MANAGEMENT L.L.C
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०८०/०४/१० चलानी नं.: ६०२०५१८९ L.T. No.:289580

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० साउन १८ गते (3 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ५७३/०६२/०६३
ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np


## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मिति २०८०/०३/०४ गते तिनचुलि देखी चावहिल आउने क्रममा मेरो निम्न विवरण भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनुहुन अनुरोध छ ।

**नाम** : आनन्द लामा
**रजिष्ट्रेसन नं.** : 712757048
**सिम्बल नं.** : 42700411
**सम्पर्क नम्बर** : ९८४८११५५७४


## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

**यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्क:** 01-4958923 / 01-4952044
**मो:** 9741818340 ( WhatsApp/Viber )


## मोटरसाईकल हरायो

मिति २०८०/३/१४ गते बागमती प्रदेश ०२-०४२-प ०७४६ न. को निलो/कालो रङ्गो Bajaj Pulsar २२० F ABS सि.सि मोटरसाइकल पाटितार नयाबस्ती काठमाडौं घरको गेटभित्र पर्किङबाट हराएको हुँदा देख्नु हुने महानुभावले नजिक को प्रहरी वा ९८५१०६८२९४ नं. मा सम्पर्क गरिइनुहुन अनुरोध गर्द छु ।

**सवारी धनी** : बसन्त तामाङ
**ईन्जिन नं** : DKXCMJ 32618
**च्यासिस नम्बर** : MD2A13EX3MCJ98502
**ठेगाना** : सिन्धुपाल्चोक मेलम्ची न पा वार्ड न १


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. न. | Product | Brand | Model | Origin of Country | Unit | Rate | Capacity | Basic Rate | Vat 13 % | Total MRP | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigerator | Konka | Model No: KRF 215 B/W | India | Pcs | NPR | 215 Ltrs | 27069.28 | 3519 | 30,588.28 | |
| 2 | Refrigerator | Konka | Model No: KRF 195 W | India | Pcs | NPR | 195 Ltrs | 23893.81 | 3106.19 | 27,000.00 | |
| 3 | Refrigerator | Konka | Model No: KRF 50S | India | Pcs | NPR | 50 Ltrs | 16283.19 | 2116.81 | 18,400.00 | |
| 4 | Refrigerator | Konka | Model No: KRF 170 B/W | India | Pcs | NPR | 170 Ltrs | 21,371.68 | 2778.32 | 24,150.00 | |

**बिक्रताको नाम : सौरभ फोटो इन्टरनेशनल ।**
**ठेगाना** : तिनकुने, सुविधानगर, काठमाण्डौं । **प्यान नं.**: ३०००५०२७१ । **फोन नं.**: ०१–४१११६३०

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
११ साउन २०८०, बिहीबार
27 July 2023, Thursday

सम्पादकीय

## अधैर्य एमाले

भन्सार छलेर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पार गरिसकेको अवस्थामा बरामद भएको सुन प्रकरणबारे उच्च स्तरीय संसदीय छानबीन समिति गठनको माग राख्दै नेकपा एमालेले प्रतिनिधिसभा बैठक अवरोध गरेको छ । बुधबार संसद् बैठकमा प्रतिपक्षी दलहरूले गृहमन्त्री नारायणकाजी श्रेष्ठको जवाफ मागेका थिए । गृहमन्त्रीको जवाफ माग्ने एमालेको मागमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समेत साथ दिएका थिए । तर त्यस भन्दा अगाडि बढेर एमालेले संसदीय छानबीन समितिको मागसहित रोष्ट्रम घेराउ गऱ्यो । एमाले नाराबाजीमै उत्रिएपछि सभामुख देवराज घिमिरेले आगामी १५ साउनसम्मलाई बैठक स्थगित गरेका छन् । बरामद भएको सुनबारे संसद अवरोधको संकेत एमालेका अध्यक्ष केपी शर्मा ओलीले यसअघि नै दिएका थिए । कम्बोडियाबाट फर्कने क्रममा अध्यक्ष ओलीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुन तस्करीबारे गृहमन्त्रीप्रति आक्रोश पोखेका थिए ।

ओलीको त्यही अभिव्यक्तिलाई बल पुग्नेगरी बुधबार एमाले संसदमा प्रस्तुत भयो । एमालेको प्रस्तुतिप्रति सत्तारूढ सांसदहरूले भने प्रतिवाद गरेका छन् । सरकारले गर्ने अनुसन्धानमा आशंका गर्न नहुने उनीहरूको तर्क थियो । सरकारी संयन्त्र सुन तस्करी अनुसन्धान प्रक्रियामा रोकिन नहुने समेत उनीहरूले सुझाव दिएका छन् । यसअघि केही समय अगाडि मात्रै एमालेले संसद अवरोध गरेको थियो । त्यसबेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा मागेका थिए । विवादास्पद अभिव्यक्तिका कारण प्रधानमन्त्रीको राजीनामा माग्दै संसद अवरोध गरेको एमाले राजनीतिक सहमतिमा पछाडि फर्केका थिए । त्यसबेला प्रधानमन्त्रीको प्रष्टोक्तिमै एमालेले चित्त बुझाएको थियो ।

यसरी कुनै घटना विशेष फेला पार्नसाथ एमालेले संसद् अवरोध गर्न थालेको निकै भइसकेको छ । २०७८ भदौदेखि एमाले निरन्तर संसद् अवरोधकै नीतिमा देखिन्छ । तर कुनैपनि घटनामा चित्तबुझ्दो जवाफ नपाएपनि एमाले पछाडि हट्ने गरेको देखिन्छ । यसपटक पनि एमालेको अडान बलियो देखिदैन । किनकि सरकारले अनुसन्धान गरिरहेको सुन तस्करी प्रकरणमा एमालेले गृहमन्त्रीमाथि आशंका गरेको देखिन्छ । किनकि सुन बरामद भएको हप्ता दिन मात्रै भएको छ । यदि गृहमन्त्रीमाथि आशंका भएपनि घटनाक्रमले त्यो पुष्टि हुन आवश्यक छ । तर त्यस्तो धैर्यता नदेखाइ संसद अवरोधको सजिलो र हतारको बाटो अपनाएको छ । यसले प्रतिपक्षी भूमिका र विवेकप्रति समेत विश्वास कमजोर हुन सक्छ । एकपटक एमालेले आफूले लिइरहेको निर्णय प्रक्रियाबारे समीक्षा गर्न आवश्यक छ ।

# साइबर सुरक्षाको बढ्दो चुनौती

*समग्रमा साइबर सुरक्षाको नेतृत्व संघीय सरकारले गर्ने र चुनौतीको सामनाका लागि आवश्यक कार्य गर्न प्रदेश र स्थानीय तहलाई परिचालन गर्ने योजना बनाउनुपर्ने हुन्छ । संघीय सरकारले साइबर सुरक्षा नीति बनाइरहेको छ, उक्त नीतिमा संस्थागत संरचना बनाउँदा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।*

अग्रलेख



● गंगानारायण श्रेष्ठ

विश्व समुदाय प्रविधिमैत्री मात्रै छैन, प्रविधि नियन्त्रित पनि बन्दै गएको छ । यस्तो अवस्थामा साइबर सुरक्षाको महत्व झनै बढेर गएको छ । साइबर सुरक्षा यति पेचिलो विषय बन्दैछ कि आगामी दिनमा भौतिक आक्रमणका घटनाभन्दा बढी साइबर अपराधका घटना बढी हुनेछ । अबको दुनियाँमा आमनागरिक, प्रशासनिक संरचना र राजनीतिक नेतृत्वलाई डिजिटल साक्षर नबनाई सूचना प्रविधिको विकास र विस्तार हुनै सक्दैन ।

डिजिटल साक्षरताको क्षेत्र आफैँमा व्यापक छ । युरोपेली संघले कुनै पनि व्यक्ति डिजिटल साक्षर हुन उसमा २१ वटा फरक-फरक क्षमता हुनुपर्छ भनेको छ । यस्ता २१ वटा क्षमतालाई पाँच वटा समूहमा छुट्ट्याइएको छ । यीमध्येको एउटा समूह हो, डिजिटल सुरक्षा । डिजिटल सुरक्षालाई साइबर सुरक्षा भनेर पनि बुझिन्छ । इन्टरनेट वा डिजिटल प्रविधिको प्रयोगमा धेरै सुरक्षा चुनौती छन् ।



राजनीतिक, सामाजिक र आर्थिक संरचनाका सबै तहमा साइबर सुरक्षाका चुनौती थपिँदै गएका छन् । एउटा व्यक्तिको तहदेखि, निश्चित समुदाय, क्षेत्र, देश र अन्तर्राष्ट्रिय स्तरसम्मै विभिन्न प्रकृति र प्रवृत्तिका साइबर सुरक्षाका नयाँ-नयाँ चुनौती आउन थालेका छन् । साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ । तीनै तहका सरकार, गैरसरकारी संस्था, निजी तथा व्यावसायिक प्रतिष्ठानहरू र आमनागरिकको सहकार्यले नै यसलाई सफलतातिर डोऱ्याउने हो ।

कम्प्युटर प्रणालीमा रहेको डाटालाई विश्वमा सुनका रूपमा गणना गर्न थालिएको छ । त्यही सुन जस्तै महँगो डाटा इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र रहेका हुन्छन् । पछिल्लो समय इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र प्रवेश गरेर अनधिकृतरूपमा पहुँच स्थापित गरी चोरी गर्ने र क्षति पुऱ्याउने प्रवृत्ति बढ्दै गएको छ । त्यस्तो अनधिकृत पहुँच स्थापित गर्नुलाई अपराध साइबर मानिन्छ, त्यस्तो अनधिकृत पहुँच स्थापित गर्ने व्यक्ति वा समूहलाई साइबर अपराधी भनिन्छ । त्यस्तो अनधिकृत पहुँच स्थापित गर्न नदिने र अनधिकृत पहुँच स्थापित गर्नेलाई कानुनको दायरामा ल्याउने र अन्य सुरक्षाका उपाय अवलम्बन गरिने प्रणालीको विकास गर्नुलाई साइबर सुरक्षा भनिन्छ । डाटा र डिजिटल डिभाइसको सुरक्षा गर्न सक्दा मात्र कुनै पनि समाज वा मुलुकले सुरक्षित महसुस गर्न सक्छ ।

नेपाल प्रहरीको साइबर ब्यूरोमा दर्ता हुने गरेका उजुरीका घटनामा भएको बृद्धिले यो तथ्यलाई पुष्टी गर्छ । साइबर अपराधका घटना नेपालमा बढिरहेका कारण काठमाडौं जिल्ला अदालतमा मात्रै सुनुवाई हुँदै आएको साइबर अपराधसँग सम्बन्धित मुद्दालाई नेपालमा सबै जिल्ला अदालतमा सुनुवाई गर्न सक्ने गरी नेपाल सरकारले निर्णय गरेको छ । साइबर अपराध बढेसँगै साइबर सुरक्षालाई विकेन्द्रित गर्दै लैजानु पर्ने भएकाले प्रादेशिक संरचनालाई बलियो बनाउँदै लैजान सक्दा मात्रै संघीयता सुदृढ हुन सक्छ । संघीयतालाई सुदृढ गरेर नै नेपाललाई बलियो बनाउन सकिन्छ । साइबर सुरक्षा प्रणालीलाई बलियो बनाउनका लागि केही सुरक्षाकर्मीलाई जिम्मेवारी सुम्पेर पुग्दैन । साइबर सुरक्षामा परिचालित सुरक्षाकर्मीलाई पनि समयानुकल प्रशिक्षित गरिराख्नु पर्छ । सूचना प्रविधि विषय नै यस्तो हो, जुन विषयमा एक पटक पढेर पुग्दैन, पलपलमा हुने विकास र परिवर्तनका बारेमा जानकारी हासिल गरिराख्नु पर्छ । साइबर सुरक्षामा खटिइने जनशक्ति अपडेट र अपग्रेड भइराख्नुपर्छ ।

साइबर सुरक्षामा चुनौती खडा गर्ने समूह राष्ट्रिय तथा अन्तराष्ट्रिय जहाँ सुकैको हुनसक्छ, त्यो विषयमा संघसँग समन्वय गरी सामना गर्न

*राजनीतिक, सामाजिक र आर्थिक संरचनाका सबै तहमा साइबर सुरक्षाका चुनौती थपिँदै गएका छन् । एउटा व्यक्तिको तहदेखि, निश्चित समुदाय, क्षेत्र, देश र अन्तर्राष्ट्रिय स्तरसम्मै विभिन्न प्रकृति र प्रवृत्तिका साइबर सुरक्षाका नयाँ–नयाँ चुनौती आउन थालेका छन् । साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ ।*

सक्ने संयन्त्र प्रदेश तहमा आवश्यक छ । प्रदेशमा प्रादेशिक सूचना प्रविधि आकस्मिक सहायता समूह गठन गरी क्रियाशील तुल्याउनु पर्नेछ । त्यो समूहलाई प्रदेशभरका स्थानीय तहको साइबर सुरक्षाको नियमित अनुगमन गर्ने संयन्त्र बनाउन सकिन्छ । साइबर सुरक्षामा आन्तरिक र बाह्य समन्वयको जिम्मेवारी संघीय सरकारले लिनुपर्छ । संविधानको मर्म पनि त्यही हो । सुरक्षा चुनौतीको आकंलन गरी आवश्यक कारवाहीका लागि संघमा पठाउने, प्रदेशभित्रको साइबर सुरक्षा चुनौतीको सामना गर्ने र त्यसको मूल्यांकन गरी आपसी समझदारीमा आवश्यक कारवाही गर्न सक्ने नीतिगत व्यवस्था र संरचना हुन आवश्यक हुन्छ । साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ । त्यो काम प्रदेश र स्थानीय तहले जति तल्लो तहमा पुरयाउन सक्छन् संघीय सरकारले सक्दैन । उदाहरणका लागि, सफट्वेयरको विकासमा एकरूपता ल्याउने, डिजिटल सिग्नेचरलाई व्यवस्थित गर्ने, डाटा सुरक्षामा आवश्यक व्यवस्था गर्ने, त्यस्तो काम गर्न सक्ने जनशक्ति उत्पादन गर्न सीप र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ ।

केन्द्रीय डाटा सेन्टरलाई सुरक्षित गर्न पनि प्रादेशिक तहमा साइबर सुरक्षा अप्रेसन सेन्टर राख्न आवश्यक हुन्छ । प्रादेशिक तहमा स्थापना हुने डाटा सेन्टरलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र डाटाको सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न पनि प्रदेश तहमा दक्ष जनशक्ति आवश्यक हुन्छन् । त्यसलाई प्रोत्साहन गर्ने नीति संघ र प्रदेशले बनाउनु पर्ने हुन्छ । डाटा माथि निगरानी राख्ने र प्रणालीमा कसैले क्षति पुरयाउन लागे नलागेको बारेमा अनुगमन गर्ने व्यवस्था गराउनु पर्ने हुन्छ । प्रदेश तहले गर्न सक्ने काम तत्कालै सुरक्षा गर्ने र प्रदेशले गर्न नसक्ने र अन्तराष्ट्रिय मुद्दा जोडिएर आएमा संघीय सरकारसँग समन्वय गर्ने गराउने व्यवस्था मिलाउन आवश्यक हुन्छ । साइबर सुरक्षासँग सम्बन्धित सूचना संकलन गर्न पनि दक्ष जनशक्ति आवश्यक हुन्छ । दक्ष जनशक्ति उत्पादन गर्न प्रदेशलाई परिचालन गर्न सकिन्छ ।

संघीय नीतिमा तालमेल मिलाएर प्रदेश र स्थानीय विशेषताका आधारमा साइबर सुरक्षा रणनीति लागू गर्नुपर्ने हुन्छ । उक्त रणनीतिमा मेल खानेगरी ऐन कानुनहरु निर्माण गर्नुपर्ने हुन्छ । त्यस्तो विषयमा संघीय सरकारले प्रोत्साहित गर्ने नीति बनाउनु पर्ने हुन्छ । साइबर सुरक्षा प्रदेश सरकारको पनि क्षेत्राधिकारभित्रको विषय हो । त्यसैले साइबर सुरक्षाका बारेमा संघीय सरकारलाई मात्र पर्खिएर हुँदैन, प्रदेश सरकारले पनि केही गर्नुपर्छ भन्ने लागिपरेको छ ।

समग्रमा साइबर सुरक्षाको नेतृत्व संघीय सरकारले गर्ने र चुनौतीको सामना गर्न आवश्यक कार्य गर्न प्रदेश र स्थानीय तहलाई परिचालन गर्ने योजना बनाउनु पर्ने हुन्छ । संघीय सरकारले साइबर सुरक्षा नीति बनाइरहेको बुझिन आएको छ । उक्त नीतिमा संस्थागत संरचना बनाउँदा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । एकात्मक चिन्तन र सोचले साइबर सुरक्षा हुन सक्दैन । त्यसैले संघीय नीति बनाउँदा संविधानको मर्म र भावनालाई आत्मसाथ गर्नु पर्ने हुन्छ ।

नेपालको संविधान, २०७२ ले निर्देशित गरेअनुसार बनेको प्रदेश कार्यविभाजन नियमावलीले सूचना प्रविधि क्षेत्रको प्रवर्द्धन र डिजिटल साक्षरताको विषयलाई प्रदेश सरकारको पनि जिम्मेवारीभित्र समेटेको छ । साइबर सुरक्षा रणनीति, नीति र कानुन बनाएर कार्यान्वयन गर्न निर्देशक समितिमा साइबर सुरक्षा विज्ञ त रहन्छन नै, प्रदेशमा सञ्चार हेर्ने मन्त्री, गाउँपालिका महासंघ र नगरपालिका संघको प्रतिनिधि रहन आवश्यक हुन्छ । साइबर सुरक्षाको समन्वय तथा सहजीकरण समितिमा प्रदेशका सञ्चार हेर्ने मन्त्रालयका सचिवको प्रतिनिधित्व हुनु पर्ने हुन्छ । राष्ट्रिय साइबर सुरक्षा रणनीतिक कार्य समूहमा प्रदेशको सञ्चार हेर्ने निकायको प्रमुखको प्रतिनिधित्व हुनु पर्ने हुन्छ । त्यसो हुँदा संघ र प्रदेशमा समन्वय हुन्छ र जुनसुकै स्थानीय तहलाई पनि त्यही संयन्त्रभित्र ल्याउन उपयुक्त हुन्छ ।

बागमती प्रदेशमा सूचना प्रविधि र साइबर सुरक्षासँग सम्बन्धित विषयमा कानुन निर्माण गरी कार्यान्वयनमा लैजाने तयारीमा छ । संघीय साइबर सुरक्षा नीति आएसँगै हामी प्रदेशमा पनि साइबर सुरक्षासँग सम्बन्धित बिषयमा सरोकारवालासँग छलफल गरी कार्यान्वयन गर्न सकिने कानुन निर्माण गर्नेछौं । सूचना प्रविधिको विकास र यसले निम्त्याएका चुनौतीको सामना एक्लै गर्न सकिन्न, प्रदेश, स्थानीय तह र संघ मिलेर नै सामना गर्नुपर्ने हुन्छ ।

**(लेखक श्रेष्ठ, बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एवम् प्रदेश सरकारका प्रवक्ता हुन् ।)**

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

एक क्विन्टलभन्दा बढी सुन तस्करी प्रकरणको मुख्य अपराधी पहिचान हुन नसक्नु राज्य संयन्त्र कति कमजोर भन्ने दृष्टान्त हो । तस्करीका मुख्य नाइके समात्न नसक्नुको चुनौतीले गृहमन्त्री, अर्थमन्त्री र राजस्व प्रमुखलाई नैतिक दबाबमा मात्रै नपरी कार्यक्षमताको समेत प्रश्न उब्जिएको छ ।



**- निर्मल प्रसाइँ**

पछिल्लो तीन महिनामा २२ पटक सुन भित्रियो, सिनामंगलबाट सय किलो सुन समातियो, त्रिभुवन विमानस्थलको लापरबाही उदाङ्गो भयो, कमजोर सुरक्षा संयन्त्रको पोल खुल्यो, तर प्रश्न जति केपी शर्मा ओलीलाई ? पहिला पत्रिकामा खबर छापेपछि बिक्री हुन्थ्यो, अहिले बिकेपछि पत्रिकामा खबर छापिन्छ भन्न नपरोस् ।



**- मोहना अन्सारी**

केही दिनदेखि देश काण्डै काण्डमय भएको छ । कानूनको शासनलाई चुनौती दिँदै अपराधको लयमा रमाउनेहरु राजनीतिक दलको पाउ पर्न थालेका छन् । सुनकाण्डको जालो तोड्ने भुटानी शरणार्थी काण्डको जालो तोड्ने ललितानिवास काण्ड उजागर गर्ने हेर्दै जाऊँ, यस्ता लज्जास्पद् काण्डहरुको अन्त्य कहिले हुन्छ ?



**- नयनराज पाण्डे**

आफ्ना सबै जतिसुकै भ्रष्ट, लोभीपापी, ठग, तस्कर भए पनि राम्रो, इमानदार, पवित्र, दयावान, प्रज्ञावान लाग्ने र अरूका त जति इमानदारै पनि रद्दी/पत्रु देख्ने 'ओलीयन भाइरस'बाट सर्ने र अक्सर नेताहरूलाई लाग्ने यो रोग पनि जण्ड हुने रहेछ । यसको उपचार गर्ने किमोसिमो छैन ? वैज्ञानिकहरू के भन्छन् ?

# मणिपुर घटना र पश्चिमा मिसन

विचार



● मेघराज भट्टराई

*भारतको मणिपुर एउटा उदाहरण मात्रै हो, पश्चिमाले एसिया र अफ्रिकाका थुप्रै देशमा क्रिश्चियन धर्मको विस्तारलाई मिसनकै रुपमा अघि बढाएका छन् । जाति-जातिबीच विभाजन ल्याउँदै समाजलाई आफू अनुकुल बनाउन उनीहरुले यस्तो मिसनलाई प्रयोग गरिरहेका छन् । नेपालमा पनि पश्चिमाको क्रिश्चियन मिसन गम्भीररुपमा अगाडि आइरहेको छ ।*

भारतको मणिपुरमा भएको घटनाले संसारभर चर्चा पाएको छ । उक्त घटनालाई लिएर भारत मात्रै होइन अन्य देशमा समेत चिन्ता बढेको छ । सामाजिक संरचनाको हिसाबले संवेदनशील देखिएका देशहरुमा मणिपुर घटनाको 'रिफेल्क्ट' त देखिन्न ? चिन्तापूर्वक हेरिएको छ । मणिपुरमा मैतई र कुकी समुदायबीच विशेषाधिकारको सन्दर्भलाई लिएर मईदेखि हिंसा सुरु भएको हो । जसमा आगो लगाउन र घ्यूउ हाल्न बाह्य शक्तिको भूमिका देखिन्छ । घटनामा सयौंको ज्यान गएको छ भने हजारौं मानिस विस्थापित भएका छन् । सोंचनीय विषय, घटना कहिलेसम्ममा रोकिएला निश्चित छैन ।

आज एकातिर भारतको केन्द्र सरकारले विवादलाई सुल्झाउन त्यति प्रभावकारी भूमिका खेलिरहेको छैन भने बाह्य शक्तिले यसलाई रोचकपूर्वक प्रयोग गर्न खोजिरहेको छ । घटनालाई लिएर पश्चिमा शक्तिले देखाएको चाँसोले पनि अवस्थालाई कता पुऱ्याउन खोजिँदैछ संकेत मिल्छ ।


घटनालाई हेर्दा, मैतेइ र कुकी समुदायबिचको लडाईंलाई उचालेर एक प्रकारको ठूलो युद्धको वातावरण तयार पार्न खोजिएको छ । पश्चिमा शक्ति मणिपुरको घटनालाई उत्तेजित बनाउन र युद्धको रुपमा विकास गर्न खोजिरहेका देखिन्छन् । जुन उनीहरुका वक्तव्यबाजी र प्रतिक्रियाले पनि स्पष्ट पार्छ । कुनै पनि ठाउँमा हिंसा मच्चिनु, निर्दोष मानिसहरुको ज्यान जानु दुःखद घटना हो, जुन हुनु हुँदैन । तर, पश्चिमा शक्तिले मणिपुरमा देखाइरहेको चाँसो स्वभाविक छैन ।

मणिपुरमा लामो समयदेखि नै पश्चिमा शक्ति क्रिश्चियन धर्मको प्रचार गर्न र जनजाति समुदायलाई दुर्व्यसनी बनाउन लागिरहेको थियो । २०२२ को अन्त्यसम्मको तथ्यांकलाई हेर्दा मणिपुरमा कुल जनसंख्यामध्ये ४१.२९ प्रतिशत क्रिश्चियन समुदायका छन् । जुन विगतमा हिन्दु र बौद्धिष्ठ अनुयायी थिए । तर, धर्मको माध्यमबाट मणिपुरलाई पश्चिमाले विस्तारै आफ्नो पकडमा पार्दै राज्य नै कब्जा गर्ने अवस्थामा पुऱ्याएको छ । जुन निकै रोचक छ । पश्चिमाले मिजोरी, अरुणाञ्चल र नागाल्याण्ड राज्यमा क्रिश्चियनको बहुमत पुऱ्याइसकेका छन् । मणिपुरमा पनि हिन्दु ४१.३९ प्रतिशत छन् भने क्रिश्चियन ४१.२९ प्रतिशत छन् । जसको स्पष्ट अर्थ छ, केही वर्षभित्रै मणिपुरमा क्रिश्चियनको बहुमत हुनेछ । मणिपुरमा भएको हिंसा त्यहाँका हिन्दुवादीविरुद्ध पनि लक्षित छ ।

भारतको मणिपुर एउटा उदाहरण मात्रै हो, पश्चिमाले एसिया र अफ्रिकाका थुप्रै देशमा क्रिश्चियन धर्मको विस्तारलाई मिसनकै रुपमा अघि बढाएका छन् । जाति-जातिबीच विभाजन ल्याउँदै समाजलाई आफू अनुकुल बनाउन गर्न उनीहरुले यस्तो मिसनलाई प्रयोग गरिरहेका छन् । नेपालमा पनि पश्चिमाको क्रिश्चियन मिसन गम्भीररुपमा अगाडि आइरहेको छ । मूलतः आदिवासी समुदायमा केन्द्रीत उनीहरुको मिसन चलाएका छन् । जहाँ अशिक्षा छ, जहाँ बेरोजगारी छ, त्यस्तो ठाउँलाई छनोट गरी क्रिश्चियन समुदायले मिसनलाई बढाएका छन् । २०११ मा तीन लाखको हाराहारीमा रहेको क्रिश्चियनको जनसंख्या २०२३ सम्म आउँदा पाँच लाख नाघेको छ । जुन बढ्दो क्रममा छ । क्रिश्चियनको बाहुल्यता बनाउँदै नेपालमा पनि द्वन्द्वको प्रक्रिया अगाडि बढाउन पश्चिमा शक्ति उद्धत छन् । जसलाई समयमै बुझ्न आवश्यक छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | स्वास्थ्य राम्रो रहनेछ । सामाजिक जीवन प्रभावशाली रहनेछ । |
| वृष : | यश र पराकम बढ्नेछ । सम्बन्धहरुमा मधुरता आउनेछ । |
| मिथुन : | राजकीय कार्य सफल हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ । |
| कर्कट : | सोचेर फैसला लिनुपर्छ । प्रभाव र सम्मानमा वृद्धि हुनेछ । |
| सिंह : | आकस्मिक धनलाभको योग छ । विरोधी सकिय रहनेछन् । |
| कन्या : | नाता-गोतासँग मनमुटाव हुनसक्छ । कार्यमा सफलता प्राप्त हुनेछ । |
| तुला : | राजनैतिक समारोहमा सहभागी हुनु पर्नेछ । भूमि लाभ हुने योग छ । |
| वृश्चिक : | प्रसन्नता प्राप्त हुनेछ । यात्रा सफल र सुखद रहनेछ । |
| धनु : | धैर्य राख्नुपर्छ, त्यसपछि सफलता मिल्नेछ । विरोधी सकिय हुनेछन् । |
| मकर : | विधार्थीहरुको लागि शुभ समय छ । प्रशस्त मात्रामा धन कमाउने योग छ । |
| कुम्भ : | व्यापारिक कार्यमा लाभ हुनेछ । सम्मानमा वृद्धि हुनेछ । |
| मीन : | पारिवारिक विवादले अशान्ति पैदा गर्छ । रुकावटपछि प्रगति हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बागमती गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
**भट्टेडाँडा, ललितपुर**
**बागमती प्रदेश, नेपाल**

## आन्तरिक आयतर्फको सिलबन्दी बोलपत्र आह्वानसम्बन्धी ढुंगा गिट्टी बालुवा उत्खनन तथा बिक्री वितरणसम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०४/११**

स्थानीय निकाय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ घ (६), ३ नं. प्रदेश सरकारको आर्थिक ऐन २०७५ को दफा ८ (१) र सोसँग सम्बन्धी अनुसुची ५ (संशोधित), गाउँ कार्यपालिकाको निर्णयअनुसार देहायबमोजिम आन्तरिक आय संकलनको (ठेक्का बन्दोबस्त) कार्य उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी (मिति २०८० असार ३२ गतेसम्म)का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक दर्तावाला फर्म वा संस्था वा कम्पनीहरुबाट सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र तपसिलमा उल्लेखित कानूनी प्रक्रिया पूरा गरेका इच्छुक, योग्य फर्महरुले बोलपत्र खरिद गरी सिलबन्दी बोलपत्र वा ई-बिडिङमार्फत यस कार्यालयमा दर्ता गर्न हुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र बागमती गाउँ कार्यपालिकाको कार्यालयमा सर्म्पक राख्न सकिने छ वा www.bagmatimunlalitpur.gov.np हेर्न सकिनेछ।

**तपसिल**

| आय ठेक्का नं. | ठेक्का शीर्षक | न्यूनतम बोल कबोल रकम (भ्याट बाहेकको रकम) | नदी तथा खोलाको विवरण (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०७९ अनुसार उत्खनन गरिने घाटको विवरण) | उत्खनन, बिक्री र निकासी प्रति क्यु. फिट | (उत्खनन संकलन र बिक्री गर्न पाउने अधिकतम परिमाण) |
|---|---|---|---|---|---|
| BAGL/NCB/GOODS/080/081-01 | ढुंगा गिट्टी बालुवा ग्राभेल उत्खनन | १८,११,४०३।० (अठार लाख एघार हजार चार सय तीन रुपैयाँ मात्र) | खानी खोला | रु ९ प्रति घन फिट | २,०१,२६७।० (दुई लाख एक हजार दुई सय सरसट्ठी घन फिट मात्र) |
| BAGL/NCB/GOODS/080/081-02 | ढुंगा गिट्टी बालुवा ग्राभेल उत्खनन | १८,९०,८५०।५० (अठार लाख नब्बे हजार आठ सय पचास रुपैयाँ पचास पैसा मात्र) | भस्मे बगर (क) | रु ९ प्रति घन फिट | २,१०,०९४।० (दुई लाख दश हजार चौरानब्बे घन फिट) |
| BAGL/NCB/GOODS/080/081-02 | ढुंगा गिट्टी बालुवा ग्राभेल उत्खनन | १२,९०,२२७।४० (बाह्र लाख नब्बे हजार दुई सय सत्ताइस रुपैयाँ चालिस पैसा मात्र) | भस्मे बगर (ख) | रु ९ प्रति घन फिट | १,४३,३५८।६० (एक लाख त्रिचालिस हजार तीन सय अन्ठाउन्न दशमलव साठ्ठी घन फिट) |
| BAGL/NCB/GOODS/080/081-03 | ढुंगा गिट्टी बालुवा ग्राभेल उत्खनन | १५,२५,३९२।० (पन्ध्र लाख पच्चीस हजार तिन सय बयानब्बे रुपैया मात्र) | बागमती नदी बगर | रु ९ प्रति घन फिट | १,६९,४८८।० (एक लाख उनन्सत्तरी हजार चार सय अठासी घन फिट) |
| BAGL/NCB/GOODS/080/081-04 | ढुंगा गिट्टी बालुवा ग्राभेल उत्खनन | १०,२३,५१६।० (दश लाख तेइस हजार पाँच सय सोह्र रुपैयाँ मात्र) | बगुवा बगर | रु ९ प्रति घन फिट | १,१३,७२४।० (एक लाख तेह्र हजार सात सय चौबिस घन फिट) |
| BAGL/NCB/GOODS/080/081-05 | ढुंगा गिट्टी बालुवा ग्राभेल उत्खनन | ४,००,४१५।४० (चार लाख चार हजार पन्ध्र रुपैयाँ चालिस पैसा मात्र) | यास्पा बगर | रु ९ प्रति घन फिट | ४४,४९०।६० (चौवालिस हजार चार सय नब्बे दशमलव साठ्ठी घन फिट) |

**सर्तहरु**

१) गाउँपालिकाबाट गरिएको वातावरणीय प्रभाव र मूल्यांकन (IEE) मा तोकिएको घाँटगद्दि स्थलहरुबाट मात्र संकलन/उत्खनन गर्नुपर्नेछ।

२) यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन १२ बजेभित्र बागमती गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडाबाट बोलपत्र खरिद गर्न सकिने छ। खरिद भएका बोलपत्रहरु ३१औं दिन अपराह्न १२:०० बजेभित्र बागमती गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडामा दर्ता गर्न सकिने छ र बोलपत्र दर्ता दिनको १:०० बजे खोलिनेछ।

३) बोलपत्रदाताले खामको बाहिरपट्टी बोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको विवरण प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ।

४) बोलपत्र फारम खरिद गर्दा नागरिकताको फोटोकपी, रु. ५००० (पाँच हजार रुपैयाँ मात्र दस्तुर) फिर्ता नहुने गरी बागमती गाउँपालिकाको कार्यालयमा नगद बुझाएको नगदी रसिद वा गाउँपालिकाको कुमारी बैंक, बागमती शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०७९००३४६९४२००००७ मा जम्मा गरेको भौचर, आ.व. ०८०/०८१ मा फर्म कम्पनी संस्थाको नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, ०८०/०८१ को करचुक्ता म्याद थप गरिएको प्रमाणित पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिसहित खरिद गर्नुपर्नेछ।

५) कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारमहरुलाई मान्यता दिइने छैन।

६) ठेक्का लिन इच्छुक व्यक्तिले भ्याटसहित कबोल अंकको नेपाली नागरिक भए ५ (पाँच) प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० (दश) प्रतिशत धरौटीबापत रकम धरौटी राख्नुपर्नेछ। धरौटीबापतको रकम यस बागमती गाउँ कार्यपालिकाको कार्यालयको नाममा कुमारी बैंक बागमती शाखा, स्थित धरौटी खाता नं. ०७९००३४६९४२००००४ (ग ३) मा नगदै जम्मा गरेको वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको १२० (एक सय बिस) दिन म्याद भएको बिडबन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ। उक्त धरौटी रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी रकम प्रचलित ऐन नियमअनुसार फिर्ता गरिने छ।

७) बोलपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोसम्बन्धी कार्य कार्यालय खुलेको दिनमा क्रमश: गरिने छ। रितपूर्वक पेश भएका टेण्डर दर्ता गर्ने समय सकिएलगत्तै सोही दिन दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि एवम् बोलपत्रदाताहरुको रोहबरमा बागमती गाउँ कार्यपालिकाको कार्यालय, भट्टेडाँडा, ललितपुरमा खोलिने छ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि टेण्डर खोल्न सकिने छ।

८) कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। दर्ता भएको बोलपत्र फिर्ता तथा संशोधन हुने छैन।

९) रितपूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये घटी वा बढीवालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना संशोधनलगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै कुनै सर्तसहितको बोलपत्र स्वीकार्य हुने छैन।

१०) ठेक्का कबोल अंकको रकम ठेकेदारले तीन किस्ता गरी बुझाउनुपर्नेछ। पहिलो किस्ता सम्झौता गर्दा बखत कूल कबोल अंकको ४०% (चालिस प्रतिशत), दोस्रो किस्ता ३०% (तीस प्रतिशत) फागुन मसान्त र तेस्रो किस्ता ३०% (तीस प्रतिशत) वैशाख मसान्तमा बुझाइसक्नुपर्नेछ। किस्ताबन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको सम्झौता अवधिसम्मको परफरमेन्स बन्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। सम्पूर्ण कबोल रकम एकमुस्ट नगदै सम्झौताका बखत बुझाएमा १० प्रतिशतसम्म छुट दिन सकिनेछ।

११) ठेक्का कबोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले थप १३% मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ। यसरी संकलित रकम ठेकेदार आफैंले आन्तरिक राजस्व कार्यालयमा बुझाइ सोको प्रमाण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनुपर्नेछ। उक्त प्रमाण गाउँ कार्यपालिकाको कार्यालयमा उपलब्ध नगराएमा नियमानुसारको कारबाही अगाडि बढाइने छ।

१२) ठेकेदारले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ। कार्यालय र ठेकेदारबीच कुनै विवाद उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१३) ठेकेदारले सम्झौता पत्रमा तोकिएका बस्तुहरुमा मात्र तोकिएबमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ। सोभन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन। पट्टा पुर्जीमा तोकिएको दर तथा तोकिएको सामग्रीभन्दा फरक हुने गरी संकलन गरेमा नियमानुसार कारबाही गरिनेछ।

